मिति: २०८२।१०।०७ गते
समय: बिहान ८ बजे

बैठक सङ्ख्या : 66

नगर कार्यपालिकाका नगरप्रमुख श्री भुपेन्द्रकुमार लावती ज्यूको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्र कुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्ण कुमारी निरौला | उपप्रमुख | |
| ३ | श्री बिष्णुकुमार मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री ~~नगेन्द्र परजुली~~ [illegible] राई | ~~[illegible]~~.वडाध्यक्ष वडा नं.- ३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री भुमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री जंगबीर तामाङ | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बू | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री भिमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| २० | श्री शशि राई | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थीती :

श्री. कृष्णराज राई. अधिकृतस्तर दशौं

श्री. चुडा बोहोरा लेखा अधिकृत

श्री. चेतनाथ गौतम अधिकृतस्तर आठौं

श्री. रवि सुवेदी सहायकस्तर पाँचौं

श्री भानु भक्त राई इन्जिनियर

श्री. परहलाद खड्का न्यकीय सचिव

श्री दिपक रानामगर का.स.

मिति २०८२/१०/०७ गतेको कार्यपालिका निर्णय

अनुसुचि १

| क्र.सं. | सामग्री वा कार्यक्रम शीर्षक | विद्यालयको नाम | विनियोजित रकम | बजेट शीर्षक |
|---|---|---|---|---|
| १ | फोटोकपी मेसिन खरिद तथा हस्तान्तरण | श्री ज्ञानज्योती प्रा.वि. लेटाङ-७ श्री बैजनाथ संस्कृत विद्यालय लेटाङ ९ | ८०००० | विद्यालयमा कम्प्यूटर प्रिन्टर मर्मत तथा नयाँ वितरण |
| २ | डेस्कटप कम्प्यूटर खरिद र हस्तान्तरण | श्री भोगटेनी आ वि लेटाङ १ श्री कन्यादेवी प्रा.वि. लेटाङ १ खर्वनी | ८०००० | विद्यालयमा कम्प्यूटर प्रिन्टर मर्मत तथा नयाँ वितरण |
| ३ | फर्निचरका सामग्री मर्मत र नयाँ खरिद | लक्ष्मी मा.वि. लेटाङ २ फडानी | ३५००० | विद्यालय फर्निचर तथा सामग्री मर्मत सम्भार |
| | | श्री जाँते मा वि | ३०००० | विद्यालय फर्निचर तथा सामग्री मर्मत सम्भार |
| ४ | फर्निचरका सामग्री खरिद र हस्तान्तरण | श्री कुइकुण्डा प्रा.वि. लेटाङ १ फर्निचर | १०००० | विद्यालय फर्निचर तथा सामग्री मर्मत सम्भार |
| ५ | फर्निचरका सामग्री खरिद र हस्तान्तरण | श्री कन्यादेवी प्रावि लेटाङ १ खर्वनी | १०००० | विद्यालय फर्निचर तथा सामग्री मर्मत सम्भार |
| ६ | अधुरो भवनको भूइ ढलान पूरा र शौचालयको अधुरो काम पुरा गर्ने | श्री महाभारत माध्यमिक विध्यालय लेटाङ-६,मोरङ | २००००० | विद्यालय भवन र शौचालय मर्मत सम्भार |
| ७ | विद्यालय भवनको झ्यालढोका र अन्य मर्मत | ज्योती आ.वि. लेटाङ ७ समला | ६०००० | विद्यालय भवन र शौचालय मर्मत सम्भार |
| ८ | कक्षाकोठा र छाना मर्मत | श्री आधारभूत विद्यालय लेटाङ ३ विरन | ५०००० | विद्यालय भवन र शौचालय मर्मत सम्भार |
| ९ | बालविकास केन्द्रको अधुरो भवन पूरा गर्न लागत अनुमान अनुसार | श्री नवज्योती बाल विकास केन्द्र लेटाङ ३ किर्तिमान | ३००००० | विद्यालय भवन र शौचालय मर्मत सम्भार |
| १० | विद्यालय मर्मत र परिसर घेरावारा | श्री दुर्गा प्रा वि लेटाङ ८ | १००००० | विद्यालय भवन र शौचालय मर्मत सम्भार |
| ११ | शिक्षा विकास मा वि क्यान्टिनको सार्ने कार्य | श्री शिक्षा विकास मा वि लेटाङ ५ | १५००० | विद्यालय भवन र शौचालय मर्मत सम्भार |
| १२ | ४ कोठे विद्यालय भवनको रङरोगन | श्री माध्यमिक विद्यालय लेटाङ-९, मोरङ | ३००००० | विद्यालय रङरोगन |
| १३ | पुरानो भवन मर्मत | श्री भोगटेन मा.वि. लेटाङ १ | ७५००० | विद्यालय भवन र शौचालय मर्मत सम्भार |

मिति २०८२/१०/०७ गतेको कार्यपालिका निर्णय

<table>
<tr><th>नि.नं.</th><th>प्रस्ताव/ विषय</th><th>निर्णयहरू</th></tr>
<tr><td>१</td><td>गत बैठकको समिक्षा सम्वन्धमा।</td><td>गत कार्यपालिका निर्णयहरूको बैठकको समिक्षा गरियो। केहि निर्णयहरू कार्यान्वयन भइसकेको र केहि कार्यान्वयन चरणमा रहेको पाइयो।</td></tr>
<tr><td>२</td><td>विपद् राहत सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा आगोलागी भई क्षति भएका देहायको व्यक्तिहरूलाई राहत स्वरूप आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष)<br>देहायः
<table>
<tr><th>क्र.सं</th><th>नाम थर</th><th>वडा नं</th><th>राहत रकम</th></tr>
<tr><td>१</td><td>गिता चापागाई</td><td>६</td><td>५०००</td></tr>
<tr><td>२</td><td>उदव चापागाई</td><td>५</td><td>५०००</td></tr>
<tr><td>३</td><td>दाताराम गुरागाई</td><td>२</td><td>२५०००</td></tr>
</table></td></tr>
<tr><td>३</td><td>पहाडी क्षेत्रको सडक मर्मत संभार सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका वडा नं ८ को विभिन्न सडकहरू मर्मत संभार गरेको भनी वडा नं ८ को सिफारिस प्राविधिक मुल्याङ्कन, सर्जमिन, अनुगमन र फोटोहरू सहित पेश भएको हुँदा उक्त स्थानमा मर्मत संभार बापतको रकम रू४०५११९।१५ भुक्तानी प्रदान गर्ने। (श्रोत पहाडी क्षेत्रको बाटो मर्मत तथा नयाँ ट्रयाक निर्माण)</td></tr>
<tr><td>४</td><td>बजेट बिनियोजन सम्बन्धमा।</td><td>१.लेटाङ नगरपालिका श्री राधाकृष्ण मन्दिर व्यवस्थापन एवं सरक्षण समिति लेटाङ-५ खेरूवा बाट मन्दिर पूर्वाधार मर्मतका लागि बजेट माग भई आएकोमा अति आवश्यक कार्य मात्र गर्नका लागि प्राविधिक स्टमेट बमोजिम रू २५०,०००/- बिनियोजन गर्ने। (श्रोतः सम्पदा पूर्वाधार निर्माण)<br>२.लेटाङ नगरपालिका वडा नं ६ सालवारी टोल चुरे क्षेत्रमा अवस्थित गदेरी खानेपानी कुवा संरक्षणका लागि रू१७५०००/- प्रदान गर्ने। (श्रोतः चुरे क्षेत्रको मुहान संरक्षण)<br>३.लेटाङ नगरपालिका वडा नं.-२ मा रहेको लाफा क्लबले गोलपोष्ट जिर्ण भई नयाँ गोलपोष्ट निर्माणको लागि रू५९२२०/- बजेट बिनियोजन गर्ने। (श्रोतः खेलमैदान स्तरउन्ती)<br>४.लेटाङ नगरपालिका वडा नं १ फेदि मा बलबोटे तटबन्धनका लागि रू२५०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः तटबन्धन)</td></tr>
<tr><td>५</td><td>आर्थिक सहयोग सम्बन्धमा।</td><td>१.लेटाङ नगरपालिका वडा नं. ४ मा अवस्थित आर ए डान्स क्रिउ द्वारा साँस्कृतिक तथा नृत्य-संगित क्षेत्र प्रवर्धनात्मक कार्यक्रमका लागि आर्थिक सहयोग माग भएकोमा रू१५०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतःबिभिन्न भाषा कला साहित्य संस्कृति तथा पर्व मेला उत्सव महोत्सव संरक्षण तथा प्रवर्धन विविध कार्यक्रम खर्च)<br>२.लेटाङ नगरपालिका वडा नं ५ को प्रगति टोल विकास संस्थामा बसोबास गर्ने आल बहादुर परियारको आफन्त नाता घर परिवार केहि नभई वेवारिसे अवस्थामा रहेकाले</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>निज एक्कासी बिरामी भई लेटाङ अस्पतालमा उपचार गरी थप उपचारका लागि ग्रिन क्रस हस्पिटल विराटनगर पुर्याई उपचार गरेकोमा उपचारमा लागेको खर्च निजको छिमेकीबाट बेहोरेकोमा उक्त खर्चको बिल भर्पाईका आधारमा छिमेकी श्री प्रदिप कुमार राईलाई रू३९००० भुक्तानी प्रदान गर्ने। (श्रोतः विपन्न नागरिक औषधी उपचार खर्च)<br>३.लेटाङ नगरपालिका वडा नं ३ मा अवस्थित श्री पन्चकन्या कालिकादेवी मन्दिर सेवा समितिको माग बमोजिम निजहरूलाई तिर्थयात्रा भ्रमणका लागि रू३००००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतःबिभिन्न भाषा कला साहित्य संस्कृति तथा पर्व मेला उत्सव महोत्सव संरक्षण तथा प्रवर्धन विविध कार्यक्रम खर्च)</td></tr>
<tr><td>६</td><td>छात्रावृती सम्बन्धमाम।</td><td>लेटाङ नगरपालिकामा देहायको बिद्यार्थिहरूको छात्रावृती माग भई आएको हुँदा छात्रावृती प्रदान गर्ने। (श्रोतःनगरपालिका छात्रावृती )<br><u>देहायः</u>
<table>
<tr><th>क्र.सं.</th><th>नाम थर</th><th>वडा नं.</th><th>रकम</th></tr>
<tr><td>१</td><td>समिर राई</td><td>४</td><td>१००००/-</td></tr>
<tr><td>२</td><td>युवराज कटुवाल</td><td>८</td><td>१००००/-</td></tr>
<tr><td>३</td><td>निलाशा तामाङ</td><td>४</td><td>१००००/-</td></tr>
<tr><td>४</td><td>प्रज्वल नेपाल</td><td>२</td><td>१००००/-</td></tr>
<tr><td>५</td><td>क्रितिम राई</td><td>२</td><td>१००००/-</td></tr>
</table></td></tr>
<tr><td>७</td><td>नगरसभाको अठ्ठारौ अधिवेशन आह्वान सम्वन्धमा ।</td><td>लेटाङ नगरपालिकाको नगरसभाको उन्नाइसौ नियमित हिउँदे अधिवेशन तपसिल बमोजिमको मिति,समय र स्थानमा संचालन गर्ने।<br><u>तपसिलः</u><br>मिति- २०८२/१०/१५ गते<br>समय — बिहान ८ वजे<br>स्थान - लेटाङ नगरपालिकाको सभाहल<br>नोटः हिउँदे अधिवेशनको प्रस्तावित संसोधनका खाकाहरू मितिः२०८२।१०।१२ गतेसम्म सम्पूर्ण वडा तथा शाखाहरुबाट पेश गर्ने।</td></tr>
<tr><td>८</td><td>सडक बोर्डको योजना छनौट सम्वन्धमा</td><td>आ.व. २०८२/८३ को लागि सडक बोर्ड नेपाल र लेटाङ नगरपालिकाको साझेदारीमा संचालन गर्न तपसिल बमोजिमको योजना छनौट गर्ने ।<br><u>तपसिलः</u><br>• पि.एच.सि श्री प्रा.वि. सडक लाईन<br>• हाटबजार सडक लाईन<br>• हाटखोला सडक लाईन<br>• ग्रिनभ्याल्ली सडक लाईन</td></tr>
</table>

मिति २०८२/१०/०७ गतेको कार्यपालिका निर्णय

| | | |
|---|---|---|
| | | • भु.पु. सडक लाई<br>• सानाकिसान चिल्ड्रेन पार्क सडक लाईन |
| ९ | सांस्कृतिक प्रदर्शनी कक्ष निर्माण सम्बन्धमा। | लेटाङ नगरपालिकाको १७ औ हिउँदे नगरसभाबाट सांस्कृतिक कक्ष निर्माण लेटाङ ३ भनी बिनियोजन भएको बजेटको विषयमा स्थान एकिन भएको नदेखिएकोले लेटाङ ३ नं वडा कार्यालयको सिफारिस बमोजिम किरात याक्थुङ् चुम्लुङ् पार्क एरिया भित्र सांस्कृतिक प्रदर्शनी कक्ष निर्माण गर्ने। |
| १० | संस्था दर्ता सम्वन्धमा। | लेटाङ नगरपालिका संस्था दर्ता ऐन अनुसार दर्ता हुन आएको लेटाङ-५ मा अवस्थित श्री गौरी शंकर भजन किर्तन मण्डली संस्था दर्ता गर्न सहमती प्रदान गर्ने। |
| ११ | भुक्तानी सम्वन्धमा। | ५ नं. वडा कार्यालयको भवन निर्माणको लागि आवश्यक माटो परिक्षण तथा स्ट्रक्चरल एनालाईसिस गर्ने कार्यका लागि लिईएको परामर्श सेवा वापतको रकम रू ३३९०००/- भुक्तानी दिने। (श्रोतः ५ नं वडा कार्यालय भवन निर्माण) |
| १२ | एक वडा एक नगर गौरवको योजना सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ३ को सिफारिस बमोजिम वडा नं. ३ को गौरवको योजना कृतिमान सामुदायिक वनको स्विकृत कार्ययोजना बमोजिम संचालन गर्ने गरी देहाय बमोजिमको योजना छनौट गर्ने।<br>**देहायः**<br>• यलम्बर साकेला पार्क निर्माण (किर्तिमान) |
| १३ | योजनाको कार्यान्वयन सम्वन्धमा । | लेटाङ ५ को शैक्षिक गुणस्तरीय अभिबृध्दि कार्यक्रम अन्तर्गत कक्षा कोठामा रंगरोगन गर्ने कार्यक्रम संचालन गर्न सहमती प्रदान गर्ने। |
| १४ | सार्वजनिक खरिद नियमावली २०७६ संसोधन सम्वन्धमा । | लेटाङ नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ९५ मा देहाय अनुसार संशोधन गर्ने।<br>**देहायः**<br>क) ९५ को (१) रू पाँच लाखको सट्टा रू दश लाख राख्ने र परामर्श सेवा झिक्ने।<br>ख) ९५ उप दफा (१) (क) थप गरी रू पाँच लाख सम्मको परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिनेछ। भन्ने राख्ने,<br>ग) ९५ को (२) मा रू बीस लाखको सट्टा पच्चिस लाख र पन्ध्र लाखको सट्टा पच्चिस लाख राख्ने। |
| १५ | श्रोत सुनिश्चितता सम्वन्धमा । | १.शिक्षा विकास मा.वि. को चार कोठे भवन निर्माणको लागि प्राप्त वजेट रु ५५००००० ।०० मा नगरपालिकाको साझेदारी रकम रु २१६४०४१।३३ गरी कुल लागत अनुमान रु७६६४०४१।३३ बराबरको खरिद कार्य अगाडी बढाउन सहमती प्रदान गर्ने साथै सो को स्रोत सुनिश्चितता आगामी नगरसभावाट गर्ने।<br>२.शान्ती भगवती मा.वि. को चार कोठे भवन निर्माणको लागि प्राप्त वजेट रु ५५०००००।०० मा नगरपालिकाको साझेदारी रकम रु १८०५६५८।१४ गरी |

| | | |
|---|---|---|
| | | कुल लागत अनुमान रु ७३०५६५८।१४ बराबरको खरिद कार्य अगाडी बढाउन सहमती प्रदान गर्ने साथै सो को स्रोत सुनिश्चितता आगामी नगरसभावाट गर्ने । |
| १६ | औद्योगिक ब्यवसाय ऐन/ कार्यविधि निर्माण सम्वन्धमा । | संघीय ऐन, प्रदेश ऐन समेतको अध्ययन गरी आवश्यकता तथा औचित्य समेतका आधारमा कानुनको मस्यौदा तयार गर्न विधायन समितिलाई अनुरोध गर्ने । |
| १७ | श्रोत सुनिश्चितता सम्वन्धमा । | एक वडा एक नगर गौरवका योजना अन्तर्गत तपसिल बमोजिम बमोजिमका योजनाहरुको खरिद प्रकृया अगाडि बढाउन अपुग हुने रकम आगामी नगरसभावाट ब्यवस्थापन गर्ने गरी खरिद प्रकृया अगाडी बढाउन सहमती प्रदान गर्ने ।<br>तपसिलः<br>१. वडा नं. ५ को प्रकाश मार्ग एजिङ<br>२. वडा नं ८ धमला मार्ग हुदै सगरमाथा जोड्ने सडक कालोपत्रे<br>३. वडा नं. ६ को शिवालय मार्ग कालोपत्रे |
| १८ | प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्वन्धमा | लेटाङ नगरपालिकाको प्रथम चौमासिकमा सम्पन्न गरेका कार्यहरुको सम्वन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम माघ महिनाभित्र सम्पन्न गर्ने। |
| १९ | जरिमाना रकम बढी असुली सम्वन्धमा। | लेटाङ नगरपालिकाको आर्थिक ऐन २०८२ मा स्काभेटर तथा ब्यक हो लोडरको जरिमाना रकम रु २०००००।०० रहेको तर नदिजन्य पदार्थको दर रेट तथा जरिमाना कायम गर्ने कोशी प्रदेश आर्थिक ऐन २०८२ मा स्काभेटर को रु २०००००।०० र ब्याक हो लोडरको रु १०००००।०० जरिमाना कायम गरेकोमा नगरपालिकावाट जरिमाना काट्दा ब्याक हो लोडर/स्काभेटरको एकै रकम कायम भई रु २०००००।०० काटिएकोमा कोशी प्रदेश आर्थिक ऐन बमोजिम रु १०००००।०० मात्र जरिमाना लाग्ने भएको देखिए बमोजिम JCB बा २ ख ८८८४ लाई रु १०००००।०० फिर्ता गर्न सहमती प्रदान गर्ने र स्विकृतीका लागि नगरसभामा पेश गर्ने । |
| २० | नदिजन्य पदार्थको दण्ड जरिमाना सम्वन्धमा । | नदिजन्य पदार्थको दण्ड जरिमाना लिने सम्वन्धमा कोशी प्रदेश आर्थिक ऐन २०८२ मा उल्लेख भए बमोजिम गर्ने । |
| २१ | असाधारण विदा सम्वन्धमा । | लेटाङ नगरपालिकामा अधिकृतस्तर छैटौमा कार्यरत श्री शर्मिला भट्टराईको मिति २०८२/०७/२६ गते देखि मिति २०८२/१०/०५ गतेसम्मको बेतलवी असाधारण विदा स्वीकृत गर्ने। |
| २२ | कालो पत्रे निर्माणाधिन बुद्ध | आ.व. २०८२/८३ मा निर्माणाधिन बुद्ध मार्ग कालोपत्रे योजना सम्वन्धमा ह्युम पाईप थप नगरेमा कालो पत्रे सडक छिट्टो क्षती हुने भएकोले पहाडी क्षेत्रवाट बर्खाका समयमा |

| | | |
|---|---|---|
| | मार्गको गुनासो ब्यवस्थापन सम्वन्धमा । | आउने पानीको व्यवस्थापनका लागि १४ थान ह्युम पाईप थप गर्न माग भए बमोजिम नगर स्तरिय अनुगमन समितिको सिफारिस समेतका आधारमा प्राविधिक प्रतिवेदन बमोजिम १४ थान ह्युमपाईप यथासिघ्र उपलब्ध गराउने। (श्रोतः ह्युम पाइप खरिद )<br>तपसिल<br>क. ३० एम. एम. को ६ वटा<br>ख. ६० एम. एम. को ४ वटा<br>ग. ७५ एम. एम. को ४ वटा |
| २३ | लेटाङ नगरपालिका वडा नं ७ को एक वडा एक नगर गौरवको योजनाको डिपिआर तयार गर्ने सम्वन्धमा । | एक वडा एक नगर गौरवको योजना अन्तरगत लेटाङ ७ को फेदाप्जुङ मोटर मोटर बाटो स्तरोन्नती कार्यका लागि विस्तृत परियोजना प्रतिवेदन आवश्यक देखिएको हुदा सोहो फेदाप्जुङ मोटर बाटो स्तरोन्नती शिर्षकको लागि विनियोजन भएको रकमबाट नै श्रोत ब्यवस्थापन गर्ने गरी डिपिआर गर्न प्राविधिक लागत अनुमान बमोजिम रू ९९८०५।६४ बजेट बिनियोजन गर्ने। |
| २४ | मापदण्ड संसोधन गर्ने सम्बन्धमा। | माध्यमिक तह कक्षा १० उत्तीर्ण (SEE) परीक्षाका विद्यार्थीहरुका लागि कोचिङ कक्षा सञ्चालन खर्च मापदण्ड, २०७६ को दफा ७ (१) को रु.१५० लाई संसोधन गरी रु. ४०० कायम गर्ने। |
| २५ | महाभारत मा. वि. स्मार्टबोर्डका लागि अपुग रकम थप गर्ने | वडा नं. ६ को "श्री महाभारत मा.वि. कुर्सि तथा स्मार्ट वोर्ड खरिद कार्यक्रम" का लागि स्मार्ट वोर्ड खरिद गर्न अपुग हुने रकममा नगरको "श्री जाँते मा.वि. लेटाङ ८ र श्री लक्ष्मी मा.वि. लेटाङ २ स्मार्ट बोर्ड वितरण" शिर्षकबाट थप गर्ने। |
| २६ | नगर शिक्षा योजना अध्यावधिक सम्बन्धमा | लेटाङ नगरपालिकाको १० वर्षे नगर शिक्षा योजना सम्बन्धमा स्वीकृत भएको शिक्षा योजना थप Appraisal Tools प्रयोग गरी १० वटा क्षेत्रहरूको अद्यावधिक भएका विषयवस्तु स्वीकृत गर्ने। |
| २७ | कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा। | १. आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि , २०८२<br>२. नगर खेलकुद नियमावली, २०८२ |
| २८ | वाल विकास केन्द्रको सहजकर्ता व्यवस्थापन सम्बन्धमा। | श्री बथाहा बाल विकास केन्द्रको सहजकर्ता डिकेन्द्रकुमारी लिम्बूलाई श्री भोगटेनी आधारभूत विद्यालय लेटाङ-१,मोरङमा खटिएको स्थानबाट तलब भत्ता पाउने शैक्षिक सत्र २०८२ भरका लागि कामकाज खटाउने। |

मिति २०८२/१०/०७ गतेको कार्यपालिका निर्णय

| | | |
|---|---|---|
| २९ | विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन सम्बन्धमा। | संघीय सशर्त शिक्षा तर्फको विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन कार्यक्रममा श्री लक्ष्मी माध्यमिक विद्यालय लेटाङ ७ पित्लुम्बा लाई छनोट गर्ने। |
| ३० | नगरको शिक्षा सम्बन्धी (LESMA ) एप्लिकेसन कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा। | नगर शिक्षा योजना २०८१/८२ देखि २०९१/९२ कार्यान्वयन गर्न सामुदायिक विद्यालयमा प्र.अ. र शिक्षकका लागि विद्यालय अनुगमन, मेन्टरिङ र Real Time Reporting कार्यका लागि LESMA एप्लिकेसन कार्यक्रम प्रयोगमा ल्याउन स्वीकृत दिने। |
| ३१ | शिक्षा सम्बन्धी कार्यक्रम बाँडफाट तथा ब्रेकडाउन सम्बन्धमा। | शिक्षा शाखावाट पेश भई आएका अनुसूची १ बमोजिमका कार्यक्रम सञ्चालन गर्न सहमती प्रदान गर्ने । |
| ३२ | सडक बत्ती सम्बन्धमा। | मिति २०८२/०८/०८ मा पेश भएको लागत अनुमानवाट वजारक्षेत्र नसमेटिने तथा जन गुनासो समेत प्राप्त भए बमोजिम वजारक्षेत्र समेटिने गरी सडक बत्ती बिस्तार गर्दा प्राविधिकवाट प्राप्त लागत अनुमान रकम रु ९५४४४८।१२ स्विकृत गरी विद्युत विस्तार तथा स्तरोन्नती शिर्षकवाट रु ६०००००।०० र नपुग हुने रकम रु ३५४४४८।१२ रकम भैपरी पुँजिगत खर्च शिर्षकवाट ब्यहोर्ने गरी खरिद प्रकृया अगाडी बढाउन सहमती प्रदान गर्ने । |
| ३३ | प्रतिनिधि मुकरर तोक्ने सम्बन्धमा। | यस लेटाङ नगरपालिकाको तर्फबाट सम्मानीत श्री उच्च अदालत विराटनगर र श्री जिल्ला अदालत मोरङमा फिराद गर्ने, प्रतिउत्तर पेश गर्ने, रिट निवेदन गर्ने, लिखित जवाफ पेश गर्ने र तारिखमा समेत रहनका लागि विराटनगर महानगरपालिका वडा नं ४ निवासी श्री भिमराज दाहालालई प्रतिनिधि मुकरर तोक्ने। |
| ३४ | भुक्तानी प्रदान गर्ने। | लेटाङ नगरपालिकामा बिभिन्न सार्वजनिक सूचना प्रकाशन गरेको साथै सचेतना फैलाए बापत श्री रमाईलो एडभर्टिजमेन्ट प्रा.ली ले भुक्तानी माग गरेकोमा उक्त कामको लागि रू३३९०० भुक्तानी प्रदान गर्ने। (श्रोतः पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च) |